Sydney WATER

sydneywater.com.au




# हाम्रो पानीको आपूर्तिलाई सुरक्षित गर्ने

## क्वेकर्स हिल्समा जलाशयको सम्भाव्यता

पानीको आपूर्तिको लागि ग्रेटर सिड्नी, वर्षामा निर्भर गर्दछ, जसमा हाम्रो पानीको ८५ प्रतिशत वर्षाबाट आउँछ भने बाँकी १५ प्रतिशत अलवणीकरणनबाट आउँछ। खडेरी र जलवायु परिवर्तनबाट अझ राम्रोसँग सुरक्षा गर्न, जनसंख्या र आवास वृद्धिलाई सहायता गर्न र हाम्रो पानीको भविष्यलाई समर्थन गर्नको लागि हामीलाई वर्षाबाट स्वतन्त्र, थप पानीका स्रोतहरू चाहिन्छन्। हाम्रा हालका सम्पत्तिहरूलाई मिलाएर, शुद्ध पारिएको रिसाइकल (पुन: प्रयोग) गरिएको पानी (पी.आर.डब्ल्यु.) ले भविष्यका पुस्ताहरूका लागि हाम्रो सहरको पानीको आवश्यकताहरूलाई सुरक्षित गर्न मद्दत गर्न सक्छ।

## शुद्ध पारिएको रिसाइकल (पुन: प्रयोग) गरिएको पानी भनेको के हो?

**पी.आर.डब्ल्यु. भनेको उद्योग र घरहरू (भान्सा, नुहाउने ठाउँ र शौचालयहरू सहित) बाट रिसाइकल (पुन: प्रयोग) गरिएको पानी हो जुन पिउने पानीका स्रोतहरू (जस्तै नदी र बाँधहरू) पूरक गर्नको लागि पानी रिसाइकल (पुन: प्रयोग) गर्न कडा अष्ट्रेलियाली दिशानिर्देशहरू पूरा गर्न शुद्ध पारिएको छ। एउटा लचिलो तरिकाको पानीको आपूर्ति हुने सुनिश्चित गर्दै यसले ग्रेटर सिड्नीको २०५६ सम्मको पानीको आवश्यकताको २५ प्रतिशतसम्म प्रदान गर्न सक्छ। पी.आर.डब्ल्यु. ग्रेटर सिड्नीको लागि नयाँ हुने भएतापनि यो नयाँ प्रविधि भने होइन जसमा विश्व भरिका ३५ वटा ठाउँहरूले यसलाई प्रयोग गरिरहेका छन्।**




## परियोजनाको सिंहावलोकन

सिड्नी वाटरले हाम्रो हालमा रहेको क्वेकर्स हिल वाटर रिसोर्स रिकभरी फेसिलिटी (Quakers Hill Water Resource Recovery Facility) को स्तरवृद्धिको एउटा हिस्साको रूपमा प्रस्तावित पी.आर.डब्ल्यु. योजनाको लागि योजना बनाइरहेको छ। यो योजनाले हामीलाई त्यो पानी प्रयोग गर्न अनुमति दिनेछ जसलाई अन्यथा समुद्रमा पठाइन्थ्यो। यो पानीलाई खेर फाल्नुको सट्टा, हामी यसलाई चरम-निस्पादन, रिभर्स ओस्मोसिस, उन्नत अक्सिडेशनको साथ पराबैंगनी प्रकाश कीटाणुशोधन र अन्तमा क्लोरीन सम्पर्क कीटाणुशोधनको प्रयोग गरेर उच्च स्तरमा प्रशोधन गर्न सक्छौं। पी.आर.डब्ल्यु. प्रशोधन गर्ने कलपुर्जाबाट निस्कने पानी सम्भाव्य पानी निस्पादन गर्ने कलपुर्जामा पुन: प्रशोधन गर्नु अघि वारागाम्बा बाँध र अपर नेपियन बाँधको पानीमा मिसिनेछ। यो तीन पटक प्रशोधित पानीले भविष्यको लागि बढ्दो माग पूरा गर्न उच्च गुणस्तरको पानी प्रदान गर्नेछ।

### परियोजनामा निम्न समावेश हुन्छः

- फोहोर पानीलाई प्रशोधन गर्ने क्षमताको विस्तार
- उन्नत प्रशोधन प्रक्रियाहरूका साथ क्वेकर्स हिलमा फोहोर पानीको गुणस्तरलाई सुधार गर्ने
- एउटा नयाँ शुद्ध पारिएको रिसाइकल (पुन: प्रयोग) गरिएको पानी प्रशोधन गर्ने कलपुर्जा
- क्वेकर्स हिलबाट सम्भाव्य जलाशयमा पी.आर.डब्ल्यु. स्थानान्तरण गर्न नयाँ पाइपलाइनहरू
- क्वेकर्स हिलबाट सिड्नी वाटरको नर्दर्न सबर्ब ओशन आउटफल सुवर (Northern Suburb Ocean Outfall Sewer) (एन.एस.ओ.ओ.एस.) (NSOOS) सम्म ब्राइन स्थानान्तरण गर्न नयाँ पाइपलाइनहरू
- सम्भाव्य जलाशयमा कच्चा पानीलाई पी.आर.डब्ल्यु. मा मिश्रण गर्ने



Sydney WATER
sydneywater.com.au

परियोजनाले आर्थिक विकास, जनसंख्या र आवासको वृद्धि, पानीको लचिलोपन र वातावरण संरक्षणका लागि विभिन्न उद्देश्यहरू हासिल गर्न मद्दत गर्नेछ। यसले ग्रेटर सिड्नी पानीका रणनीतिका लागि एन.एस.डब्ल्यु. सरकारको दृष्टिकोण र साथै हाम्रो क्षेत्र भरि थप आवासका लागि पहलहरूलाई सहायता गर्दछ।

## परियोजनाका लाभहरू

१. एउटा लागत प्रभावी जलवायुसँग लचिलो रहेको पानीको स्रोत

२. हक्सबरी-नेपियन नदी प्रणालीको लागि राम्रा परिणामहरू

३. विश्वभरि प्रयोग भएको प्रमाणित प्रविधिको प्रयोग गरेर उच्च गुणस्तरको पानी

४. गम्भीर रूपमा पानीको प्रतिबन्धहरू हुने सम्भावना कम हुने

## पी.आर.डब्ल्यु. कसले पाउनेछन्?

ग्रेटर सिड्नीको ८० प्रतिशतभन्दा बढी पिउने पानीको आपूर्ति गर्ने सम्भाव्य पानी निस्पादन गर्ने कलपुर्जा (Prospect Water Filtration Plant) मा पुन: प्रशोधन गर्नु अघि बाँधको पानीमा मिसाउनको लागि पी.आर.डब्ल्यु. लाई सम्भाव्य जलाशयमा हालिनेछ।

## योजना अनुमोदनहरू

हाम्रो पानीको आपूर्तिमा पी.आर.डब्ल्यु. समावेश गर्ने कुनै पनि निर्णयमा सरकारी नियमहरू र स्वीकृतिहरू, सामुदायिक परामर्शका साथै पानीको आपूर्तिका नियमहरूको निरन्तर पालना समावेश हुन्छन्। हाम्रो सञ्जालमा सबै पानीले पिउने पानी दिशानिर्देशहरू पूरा गर्नुपर्दछ र यसको निरन्तर निगरानी गरिन्छ।

यदि स्वीकृत भएमा, पी.आर.डब्ल्यु. २०३१ देखि पानीको आपूर्तिको हिस्सा बन्नेछ। हामी सार्वजनिक टिप्पणीको लागि २०२५ को अन्त्यतिर, प्रदर्शनमा हुने वातावरणीय प्रभाव वक्तव्य (Environmental Impact Statement) (ई.आई.एस.) (EIS) तयार गर्दै छौं। ई.आई.एस. ले परियोजनाको आर्थिक, वातावरणीय, र सामाजिक प्रभाव र लाभहरूबारे विवरण प्रदान गर्नेछ।

## तपाईंका कुरा राख्नुहोस्

तलको क्यु.आर. कोडको प्रयोग गरेर तपाईं संलग्न हुन सक्ने विभिन्न तरिकाहरू छन्।

- हाम्रो पी.आर.डब्ल्यु. खोज केन्द्र (PRW Discovery Centre) को भ्रमण गर्नुहोस्
- एउटा प्रेजेण्टेसन (प्रस्तुतीकरण) वा ब्रीफिंग (छोटो बैठक) को लागि अनुरोध गर्नुहोस्
- हामीसँग व्यक्तिगत रूपमा वा अनलाइन कार्यक्रमहरूमा सामेल हुनुहोस्
- ई-अपडेटहरूका लागि सदस्यता लिनुहोस्
- हाम्रो सर्वेक्षण मार्फत तपाईंका विचारहरू साझा गर्नुहोस्
- परियोजना टोलीलाई प्रस्तुती पेश गर्नुहोस्

प्रतिक्रियाले हामीलाई परियोजनाको योजनालाई सुधार गर्न मद्दत गर्नेछ। हामी तपाईंलाई सूचित राख्नेछौं र हाम्रो पेज मार्फत सामुदायिक प्रतिक्रियाको प्रतिवेदन गर्नेछौं।

## हामीलाई सम्पर्क गर्नुहोस्

prw@sydneywater.com.au I 13 20 92
www.sydneywatertalk.com.au/prw

## परियोजनाको समयरेखा

